आज मिति २०७८।१२।०७ गते सोमबारका दिन मिथिला नगरपालिकाका प्रमुख श्री हरि नारायण महतोज्यूको अध्यक्षतामा उप प्रमुख, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यज्यूहरुको निम्न अनुसारको उपस्थितमा कार्यपालिकाको बैठक बसी नेपालको संविधानको धारा २१४ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को क्षेत्राधिकार भित्र रहि तपसिल बमोजिमका निर्णयहरु गरियो ।

## उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री हरि नारायण महतो | नगर प्रमुख | |
| २ | श्री तारा कुमारी बस्नेत | उप-प्रमुख | |
| ३ | श्री लक्ष्मी महतो | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री विहारी महतो | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री राम एकवाल महतो | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री विष्णुहरि खदाल | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री श्यामबाबु यादव | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री भक्त वहादुर वलम्पाकी | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रामु साह तेली | का.वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री देवनारायण महतो | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दीपक जंग थापा | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री सविन विक्रम थापा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री वेद वहादुर कार्की | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री राजदेव ठाकुर | कार्यपालिका सदस्य | |
| १५ | श्री गुलाव ठाकुर | कार्यपालिका सदस्य | |
| १६ | श्री देवी वहादुर तोंलागे | कार्यपालिका सदस्य | |
| १७ | श्री ठेट कुमारी दहाल | कार्यपालिका सदस्य | |
| १८ | श्री अनिता परियार | कार्यपालिका सदस्य | |
| १९ | श्री जहरी देवी | कार्यपालिका सदस्य | |
| २० | श्रीसीता भित्रीकोटी | कार्यपालिका सदस्य | |
| २१ | श्री रेणु हेन्जन | कार्यपालिका सदस्य | |
| २२ | श्री रचिन्द्र डङ्गोल | प्रमुख प्रशासकीय अधिकृत | |

# मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

## मिति २०७८।१२।०७

**बैठकका प्रस्तावहरु** :

प्रस्ताव नं.१) मि.न.पा. वडा नं.८ कार्यालयबाट दिलमाया आलेलाई मृगौला सम्बन्धी रोगको उपचार गर्न आर्थिक सहयोको लागि सिफारिस भएको सम्बन्धमा ।

प्रस्ताव नं.२) श्री आधारभुत विद्यालय मि.न.पा. वडा नं.८ बाट फिल्ड पक्की बनाउन र बगैंचा बनाउन रकम माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.३) मि.न.पा.८ निवासी श्री फरेश लाल महतोले शारिरिक एवं आर्थिक अवस्था निकै कमजोर भएकोले जिवनयापनको लागि सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.४) श्री मदन आश्रीत आधारभुत विद्यालय, वडा नं.९ बाट मन्टेश्वरी कक्षा संचालन गर्न रकम माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.५) मि.न.पा. वडा नं.५ कार्यालयबाट बैंक धरौटी रकम फुकुवाको लागि सिफारिस भएको सम्बन्धमा ।

प्रस्ताव नं.६) मि.न.पा. वडा नं.२ कार्यालयबाट श्रीलाल महतोको कुशुवाहको श्रीमती फुलोदेवी महतोलाई हृदय रोगको उपचारको लागि आर्थिक सहयोगको लागि अनुरोध भएको सम्बन्धमा ।

प्रस्ताव नं.७) वडा नं.७ बाट निर बहादुर कटुवालले पेट सम्बन्धी रोगको औषधी उपचारको लागि आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.८) वडा नं.७ बाट निर बहादुर थापले आफ् विपन्न भएको र शाररीक अवस्था कमजोर भएकोले आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.९) वडा नं.७ बाट लाल माया श्रेष्ठले आफु विपन्न भएको, शारिरिक रुपले अपाङ्ग भएको र पतिले समेत दुई वर्ष अघि छोडेर गएको हुंदा जिर्ण भएको घर मर्मत गर्न आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.१०) आ.व. २०७६।०७७ र २०७७।०७८ मा आन्तिरिक राजश्व आम्दानी वापत प्राप्त रकम मध्येवाट प्रदेश सरकारलाई बांडफांड गर्नु पर्ने रकमका सम्बन्धमा ।

प्रस्ताव नं.११) आ.व. २०७८।०७९ मा आन्तिरिक राजश्व आम्दानी वापत प्राप्त रकम मध्येवाट प्रदेश सरकारलाई बांडफांड गर्नु पर्ने रकमका सम्बन्धमा ।

प्रस्ताव नं.१२) यस न.पा. कार्यालयको आ.व. २०७८।०७९ को स्वीकृत कार्यक्रममा समावेश भएको अपाङ्गता भएका व्यक्तिहरुको लागि सहायक सामाग्री खरिद गर्ने कायक्रम सञ्चालन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१३) मि.न.पा. वडा नं.११ कार्यालयबाट भिम बहादुर माझीको पत्नी बिना माया माझीलाई मृगौला सम्बन्धी रोगको उपचार गर्न आर्थिक सहयोगको लागि सिफारिस भएको भएको सम्बन्धमा ।

प्रस्ताव नं.१४) मि.न.पा. वडा नं.५ कार्यालयबाट रामपैत ठाकुर बरहीको छोरी ननु ठाकुर बरहीको पत्नी शान्ती देवीको स्वास्थ्य उपचारको लागि भिम बहादुर माझीको पत्नी बिना माया माझीलाई मृगौला सम्बन्धी रोगको उपचार गर्न आर्थिक सहयोगको लागि सिफारिस भएको सम्बन्धमा ।

प्रस्ताव नं.१५) मि.न.पा. वडा नं.११ बाट जानकी युवा क्लवले खेल मैदान निर्माण तथा मर्मतको लागि रकम व्यवस्थाको लागि निवेदन पेश गरेको सम्बन्धमा ।

प्रस्ताव नं.१६) मि.न.पा. वडा नं.७ बाट मनमाया तामाङले जिविकोपार्जनको लागि आर्थिक सहयाताको लागि निवदेन पेश गरेको सम्बन्धमा ।

प्रस्ताव नं.१७) मि.न.पा. वडा नं.७ कार्यालयबाट राम जतन महतोको पत्नी समुन्द्री महतो कोइरीको ०-४-० कठ्ठा जमिनमा उखुमा आगो लागि भै क्षती भएको हुंदा क्षर्तिपूर्तिको लागि सिफारिस भएको सम्बन्धमा ।

प्रस्ताव नं.१८) मि.न.पा. वडा नं.७ कार्यालयबाट राम नारायण महतोको छोरा चन्द्र महतो ०-४-० कठ्ठा जमिनमा उखुमा आगो लागि भै क्षती भएको हुंदा क्षर्तिपूर्तिको लागि सिफारिस भएको सम्बन्धमा ।

प्रस्ताव नं.१९) मि.न.पा. वडा नं.६ कार्यालयबाट भिम बहादुर थापाको छोरा मनिस कुमार थापा सडक दुर्घटनामा परी गम्भिर घाइते भई उपचार भैरहेको हुंदा आर्थिक सहयोगको लागि सिफासि भएको सम्बन्धमा ।

प्रस्ताव नं.२०) मि.न.पा. वडा नं.५ कार्यालयबाट कारी चौधरी कलवारको छोरा सुर्य नारायण चौधरीको स्वास्थ्य र आर्थिक अवस्था अति नै कमजोर भएको हुंदा आर्थिक सहयोगको लागि सिफासि भएको सम्बन्धमा ।

प्रस्ताव नं.२१) मि.न.पा. वडा नं.११ कार्यालयबाट खानेपानी व्यवस्थाको लागि मोटर, तार, पाइप, ड्रम, मिटर आदि खरिदको लागि रकम उपलब्ध गराउन अनुरोध भएको सम्बन्धमा ।

प्रस्ताव नं.२२) श्री माध्यमिक विद्यालय तुलसीचौडा, मि.न.पा. वडा नं.११ बाट विद्यालयको चार कोठे भवन मर्मतको लागि रकम व्यवस्थाको लागि अनुरोध भएको सम्बन्धमा ।

प्रस्ताव नं.२३) मि.न.पा. वडा नं.९ कार्यालयबाट ठकनमान विश्वकर्मा रोगले ग्रसित भई उपचारार्थ रहेकोमा थप औषधी उपचार गर्न आर्थिक सहयोगको लागि अनुरोध भएको सम्बन्धमा ।

प्रस्ताव नं.२४) मि.न.पा. वडा नं.२ कार्यालयबाट सोमन महरा चमारको छोरा राम सरुप महरा चमारलाई औषधी उपचार गर्न आर्थिक सहयोगको लागि सिफारिस भएको सम्बन्धमा ।

प्रस्ताव नं.२५) मि.न.पा. वडा नं.८ बाट चन्द्र महतोले सिंचाई इनार मर्मत गर्न रकम माग गरेको सम्बन्धमा ।

प्रस्ताव नं.२६) श्री आधारभुत विद्यालय वडा नं.८ बाट ४ कोठे भवनमा सिरही घर, देवालको बाहिरी भागको प्लाष्टर रेलिङ आदी गर्न रकम माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.२७) मि.न.पा. वडा नं.२ कार्यालयबाट मुसलिम टोलमा रहेको अधुरो मदर्शाको रंगरोगन र वायरिङ गर्न आर्थिक सहयोगको लागि सिफारिस भएको सम्बन्धमा ।

प्रस्ताव नं.२८) श्री राष्ट्रिय आधारभुत विद्यालय वडा नं.५ बाट विद्यालयको ३ वटा ब्लकमा झ्याल ढोकाको पल्ला, रंगरोगन आदी कार्यको लागि रकम माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.२९) मि.न.पा. वडा नं.८ बाट विरेन्द्र प्रसाद सिंहले इनार मर्मत र चौतार निर्माण गर्नको लागि आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.३०) मि.न.पा. वडा नं.८ बाट अशोक कुमार सिंहले इनार मर्मत गर्नको लागि आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.३१) मि.न.पा. वडा नं.३ बाट सरिता लामाले आफ्नो छोराको असामायीक निधन भएको हुंदा क्रिया खर्चको लागि सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.३२) मि.न.पा. भित्रका सामुदायीक विद्यालयहरुमा कम्प्यूटर शिक्षकहरुबाट सेवा सुविधाको लागि निवेदन पेश गरेको सम्बन्धमा ।

प्रस्ताव नं.३३) राष्ट्रिय आधारभुत विद्यालय, मि.न.पा. वडा नं.२ नक्टाझिजबाट कक्षाकोठाको छाना मर्मत गर्न रकम माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.३४) मि.न.पा. कार्यालय अन्तर्गत कृषि र पशु विकास शाखाको लागि रिड प्रोजेक्टबाट विश्व बैंकको सहयोगमा निर्माण हुने भवनको लागि जग्गा उपलब्ध गराउने सम्बन्धमा ।

प्रस्ताव नं.३५) WOREC बाट सुरक्षित आवासका लागि रकम व्यवस्थाको लागि अनुरोध भएको सम्बन्धमा ।

प्रस्ताव नं.३६) मि.न.पा.७ निवासी श्री भुप बहादुर खड्काको सामाजिक सुरक्षाभत्ता उपलब्ध गराउने सम्बन्धमा ।

प्रस्ताव नं.३७) मि.न.पा. वडा नं.४ कार्यालयबाट २०७८ भाद्र २२ गतेदेखि आयोजना हुने मेयर कप फुटवल प्रतियोगिता आयोजना गर्न श्री रत्न ज्योती युवा क्लवलाई आर्थिक सहयोग उपलब्ध गराउन सिफारिस भएको सम्बन्धमा ।

प्रस्ताव नं.३८) मि.न.पा. वडा नं.११ बाट बाबुराम भोलानले लोटाह टोलको गाजले खहरेमा मुहान भएको घुर्यान कुलोको मुहानमा मर्मत सम्भार गर्नका लागि रकम उपलब्ध गराउनु निवेदन पेश गरेको सम्बन्धमा ।

प्रस्ताव नं.३९) मि.न.पा. वडा नं.८ कार्यालयबाट बेचन महतोको छोरी निलम कुमारी देवी महतो एकल महिला भएको र आर्थिक अवस्था निकै दयनिय रहेको हुंदा आर्थिक सहयोगको लागि सिफारिस भएको सम्बन्धमा ।

प्रस्ताव नं.४०) मि.न.पा. वडा नं.९ कार्यालयबाट कृषि सिंचाई इनार निर्माण गर्न रकम व्यवस्थाको लागि अनुरोध भएको सम्बन्धमा ।

प्रस्ताव नं.४१) श्री एकता जमुनिवास युवा क्लब, मि.न.पा. वडा नं.८ बाट महोत्तरी जिल्लामा भैरहेको फुटवल प्रतियोगितमा सहभागी भएको हुंदा आर्थिक सहयोगको लागि अनुरोध भएको सम्बन्धमा ।

प्रस्ताव नं.४२) मि.न.पा. वडा नं.१ कार्यालयको भवन निर्माण गर्न रकम व्यस्थाको लागि प्रतिवद्धता गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.४३) यु.एन.डि.पि. को साझेदारीमा संचालन हुने नागरीक आवास कार्यक्रममा म्याचिङ्ग फण्डको व्यस्थाको गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.४४) आ.व.२०७८।०७९ का लागि च्यापकटर खरिद कार्यको बोलपत्र प्रस्ताव मुल्यांकन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.४५) आ.व.२०७८।०७९ का लागि पावर स्प्रेयर खरिद कार्यको बोलपत्र प्रस्ताव मुल्यांकन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.४६) मि.न.पा. क्षेत्र भित्रका विभिन्न वडाहरुमा GNSS प्रविधिकाट नियन्त्रया विन्दुहरु स्थापना भएको हुंदा उक्त कार्यको प्रतिवेदन स्वीकृत गरी रकम भुक्तानी गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.४७) मि.न.पा. कार्यालयको सवारी साधन दुर्घटना भई दोस्रो पक्षलाई औषधी उपचार लगायतको रकम भुक्तानी गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.४८) मि.न.पा. कार्यालयको सवारी साधन दुर्घटना भई दोस्रो पक्षलाई औषधी उपचार लगायतको रकम भुक्तानी गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.४९) श्री माध्यामिक विद्यालय तुलसीचौडा, मि.न.पा. ११ बाट आधारभूत तहमा अंग्रेजी माध्यामबाट अध्यापन गराउने शिक्षकहरुको २०७८ श्रावणदेखि २०७९ आषाढ महिनासम्मको लागि तलवभत्ता भुक्तानी गर्न आवश्यक रकम व्यवस्थाको लागि अनुरोध भएको सम्बन्धमा ।

प्रस्ताव नं.५०) नेपाल राष्ट्रिय शिक्षक संगठन, जिल्ला समिति धनुषाबाट जिल्ला अधिवेशन हुने भएकोले आर्थिक सहयोगको लागि अनुरोध भएको सम्बन्धमा ।

प्रस्ताव नं.५१) श्री आदर्श राष्ट्रिय माध्यामिक विद्यालयबाट पुराना झ्यालढोकाहरु मर्मत गर्न र ४ वटा भनवको रंगरोगन गर्न आर्थिक सहयोगको लागि अनुरोध भएको सम्बन्धमा ।

**बैठकका निर्णयहरु :**

निर्णय नं.१) प्रस्ताव नं.१ मा छलफल गर्दा मि.न.पा. वडा नं.८ कार्यालयको च.नं.१३०३ मिति २०७८।१२।०७ को पत्रबाट अर्जुन लालेको आमा दिलमाया आलेको दुबै मृगौला खराब भै उपचारको लागि आर्थिक सहयोगको लागि सिफारिस भएकोमा श्री दिलमाया आलेलाई औषधी उपचार गर्नको लागि विपन्न नागरिक उपचार सहायता कोषबाट रु.२५,०००।- (अक्षरेपी पच्चीस हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.२) प्रस्ताव नं.२ मा छलफल गर्दा श्री आधारभुत विद्यालय मि.न.पा. वडा नं.८ को च.नं.६४ मिति २०७८।११।०८ को पत्रबाट ब्याडमिन्टन खेलको लागि फिल्ड पक्की बनाउन र विद्यालयको वरिपरि बगैंचा निमार्ण गर्न आर्थिक सहयोग माग भएकोमा उक्त कार्यको लागि नगर शिक्षा कोषबाट रु.१,००,०००।- (अक्षरेपी एक लाख मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.३) प्रस्ताव नं.३ मा छलफल गर्दा मि.न.पा.८ निवासी श्री फरेश लाल महतोले शारिरिक एवं आर्थिक अवस्था निकै कमजोर भएकोले जिवनयापनको लागि सहयोगको लागि यस न.पा.कार्यालयमा मिति २०७८।११।२१७ मा निवेदन पेश गरेकोमा निजलाई विपन्न नागरिक उपचार सहायता कोषबाट रु.१५,०००।- (अक्षरेपी पन्ध्र हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.४) प्रस्ताव नं.४ मा छलफल गर्दा श्री मदन आश्रीत आधारभुत विद्यालय, वडा नं.९ को च.नं.४० मिति २०७८।११।२९ को पत्रबाट उक्त विद्यालयमा मन्टेश्वरी कक्षा संचालन गर्न भौतिक पूर्वाधार तयार गर्नको लागि रकम माग भएकोमा उक्त कार्यको लागि नगर शिक्षा कोषबाट रु.२,००,०००।- (अक्षरेपी दुई लाख मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.५) प्रस्ताव नं.५ मा छलफल गर्दा मि.न.पा. वडा नं.५ कार्यालयको च.नं.३१३ मिति २०७८।०६।०७ को पत्रबाट आ.ब.०७५।०७६ मा भवन निर्माण डिप ट्युवेल उपभोक्ता समितिले मिति २०७५।११।०३ मा राष्ट्रिय बाणिज्य बैंक लि., महेन्द्र नगर धनुषामा मिथिला नगरपालिकाको खाना नं.१२२०३०४०६८६०३ मा रु.९०,०००।- लागत सहभागीता रकम जम्मा गरेको हुंदा सो रकम उक्त भवन निर्माण डिप ट्युवेल उपभोक्ता समितिलाई उपलब्ध गराइदिनहुन भनी सिफारिस भैआएको हुंदा सम्बन्धित उपभोक्त समितिलाई बैंक धरौटी रकम रु.९०,०००।- (अक्षरेपी नब्बे हजार मात्र) फिर्ता गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.६) प्रस्ताव नं.६ मा छलफल गर्दा मि.न.पा. वडा नं.२ कार्यालयको च.नं.१२६५ मिति २०७८।११।२९ को पत्रबाट श्रीलाल महतो कुशुवाहको श्रीमती फुलोदेवी महतोलाई ह्रदय रोगको उपचारको लागि आर्थिक सहयोगको लागि अनुरोध भएकोमा श्री फुलोदेवी महतोलाई विपन्न नागरिक उपचार सहायता कोषबाट रु.१५,०००।- (अक्षरेपी पन्ध्र हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.७) प्रस्ताव नं.७ मा छलफल गर्दा वडा नं.७ बाट निर बहादुर कटुवालले पेट सम्बन्धी रोगले ग्रसित भै विगत दुई वर्ष अघि जानकी मेडिकल कलेज, टिचिङ अस्पतालमा उपचार अप्रेसन भएकोमा हाल सोही रोगले सताएको हुंदा औषधी उपचार गर्न आर्थिक सहयोगको लागि यस न.पा. कार्यालयमा मिति २०७८।१२।०७ मा निवेदन पेश गरेकोमा निजलाई विपन्न नागरिक उपचार सहायता कोषबाट रु.१०,०००।- (अक्षरेपी दश हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.८) प्रस्ताव नं.८ मा छलफल गर्दा वडा नं.७ बाट निर बहादुर थापले आफ् विपन्न भएकोले हावाहुरीले जिर्ण बनाएको छाप्रा मर्मत गर्न र शाररीक अवस्था समेत कमजोर भएकोल आर्थिक सहयोग लागि यस न.पा. कार्यालयमा मिति २०७८।१२।०६ मा निवेदन पेश गरेकोमा निजलाई विपन्न नागरिक उपचार सहायता कोषबाट रु.१०,०००।- (अक्षरेपी दश हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.९) प्रस्ताव नं.९ मा छलफल गर्दा वडा नं.७ बाट लाल माया श्रेष्ठले आफ् विपन्न भएको, शाररीक रुपले अपाङ्ग भएको (एक वटा हात नभएको), पतिले समेत दुई वर्ष अघि छोडेर गएको हुंदा जिर्ण भएको घर मर्मत गर्न आर्थिक सहयोगको लागि यस न.पा. कार्यालयमा मिति २०७८।१२।०६ मा निवेदन पेश गरेकोमा निजलाई अन्य सामाजिक सहायता शिर्षकबाट रु.१०,०००।- (अक्षरेपी दश हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.१०) प्रस्ताव नं.१० मा छलफल गर्दा स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ६२ 'क' बमोजिम आ.व. २०७६।०७७ मा प्रकृतिक श्रोतको विक्रि वापत अमानतबाट संकलन भएको रु.७८,७७,४३०।- र ठेक्का वापतको रु.४,५१,५१,०००।- मा न.पा. कार्यपालिकाको निर्णय बमोजिम छुट प्रदान गरिएको रु.९०,३०,२००।- कट्टा गरी संकलन भएको रु.३,६१,२०,८००।- समते जम्मा रु.४,३९,९८,२३०।- राजश्व संकलन भै यस न.पा.कार्यालयको विभाज्य कोषमा दाखिला भएकोमा प्रदेश आर्थिक ऐन २०७६ को दफा ६'३' बमोजिम प्रदेश सरकार संचित कोषमा ४० प्रतिशतले हुने रु.१,७५,९९,२९२।- (अक्षरेपी एक करोड पचहत्तर लाख उनान्सय हजार दुई सय बयानब्बे मात्र) आगामी आ.व.२०७९।०८० को लागि स्थानीय संचित कोषमा बांकी रहने रकमबाट प्रदेश सरकार संचित कोषमा दाखिला गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.११) प्रस्ताव नं.११ मा छलफल गर्दा स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ६२ 'क' बमोजिम आ.व. २०७८।०८९ मा प्रकृतिक श्रोतको विक्रि वापत ठेक्का सम्झौता बमोजिम जम्मा रु.३,३३,९३,४५०।९५ राजश्व संकलन भै यस न.पा.कार्यालयको विभाज्य कोषमा दाखिला भएकोमा प्रदेश आर्थिक ऐन २०७६ को दफा ६'३' बमोजिम प्रदेश सरकार संचित कोषमा ४० प्रतिशतले हुने रु.१,३३,५७,३८०।३८ (अक्षरेपी एक करोड तेतीस लाख सन्ताउन्न हजार तीन सय असी र पैसा अठ्तीस मात्र) आगामी आ.व.२०७९।०८० को लागि स्थानीय संचित कोषमा बांकी रहने रकमबाट प्रदेश सरकार संचित कोषमा दाखिला गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.१२) प्रस्ताव नं.१२ मा छलफल गर्दा यस न.पा. कार्यालयको आ.व. २०७८।०७९ को स्वीकृत कार्यक्रममा समावेश भएको अपाङ्गता भएका व्यक्तिहरुको लागि सहायक सामाग्री श्रवण यन्त्र हात रगोडा मर्मत तथा डाक्टर जांच गर्ने कार्यक्रम सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ४६ बमोजिम गैर सरकारी संस्थाबाट सञ्चालन गराउने निर्णय पारित गरियो ।

निर्णय नं.१३) प्रस्ताव नं.१३ मा छलफल गर्दा वडा नं.११ कार्यालयको च.नं.७२२ मिति २०७८।११।०३ को पत्रबाट भिम बहादुर माझीको पत्नी बिना माया माझीलाई मृगौला सम्बन्धी रोगको उपचार गर्न आर्थिक सहयोगको लागि सिफारिस भएकोमा निजलाई विपन्न नागरिक उपचार सहायता कोषबाट रु.२५,०००।- (अक्षरेपी पच्चीस हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.१४) प्रस्ताव नं.१४ मा छलफल गर्दा मि.न.पा. वडा नं.५ कार्यालयको च.नं.१०८२ मिति २०७८।१२।०७ को पत्रबाट रामपैत ठाकुर बरहीको छोरी ननु ठाकुर बरहीको पत्नी शान्ती देवीको आर्थिक अवस्था र स्वास्थ्य निकै कमजोर भएको हुंदा उपचारको लागि आर्थिक सहयोगको लागि सिफारिस भएकोमा निजलाई विपन्न नागरिक उपचार सहायता कोषबाट रु.१५,०००।- (अक्षरेपी पन्ध्र हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.१५) प्रस्ताव नं.१५ मा छलफल गर्दा मि.न.पा. मि.न.पा. वडा नं.११ बाट जानकी युवा क्लवले फुटबल खेल मैदान स्तरीय किसिमको नभएको हुंदा अन्यत्र जिल्लामा खेल खेल्न जानु पर्ने भएको र सोही कारण यस ठांउका युवावर्गहरु आजभोली धेरै मात्रामा कुलतमा फसेको देखिएको हुंदा खेल मैदान निर्माण तथा मर्मतको लागि रकम व्यवस्थाको लागि यस न.पा. कार्यालयमा मिति २०७८।११।२२ मा निवेदन पेश गरेकोमा उक्त कार्यको लागि वडा नं.११ मा खेलकुद मैदान मर्मत तथा वाल निर्माण शिर्षकबाट रु.३,००,०००।- (अक्षरेपी तीन लाख मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.१६) प्रस्ताव नं.१६ मा छलफल गर्दा वडा नं.७ बाट मनमाया तामाङले आफ्नो पति विगत तीन वर्षदेखि पारालाइसिस भएको र आफूपनि निकै बृद्ध र विपन्न भएको हुंदा जिविकोपार्जनको लागि आर्थिक सहयाताको लागि निवदेन पेश गरेकोमा निजलाई अन्य सामाजिक सहयाता शिर्षकबाट रु.१०,०००।- (अक्षरेपी दश हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.१७) प्रस्ताव नं.१७ मा छलफल गर्दा मि.न.पा. वडा नं.७ कार्यालयको च.नं.१३५० मिति २०७८।११।११ को पत्रबाट राम जतन महतोको पत्नी समुन्द्री महतो कोइरीको ०-४-० कठ्ठा जमिनमा उखुमा आगो लागि भै क्षती भएको हुंदा क्षर्तिपूर्तिको लागि सिफारिस भएकोमा श्री समुन्द्री महतो कोइरीलाई अन्य सामाजिक सहयाता शिर्षकबाट रु.५,०००।- (अक्षरेपी पांच हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.१८) प्रस्ताव नं.१८ मा छलफल गर्दा मि.न.पा. वडा नं.७ कार्यालयको च.नं.१३५१ मिति २०७८।११।११ को पत्रबाट राम नारायण महतो कोइरीको छोरा चन्द्र मोहन महतोको ०-४-० कठ्ठा जमिनमा उखुमा आगो लागि भै क्षती भएको हुंदा क्षर्तिपूर्तिको लागि सिफारिस भएकोमा श्री चन्द्र मोहन महतोलाई अन्य सामाजिक सहयाता शिर्षकबाट रु.५,०००।- (अक्षरेपी पांच हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.१९) प्रस्ताव नं.१९ मा छलफल गर्दा मि.न.पा. वडा नं.६ कार्यालयको च.नं.१९०१ मिति २०७८।१२।०७ को पत्रबाट भिम बहादुर थापाको छोरा मनिस कुमार थापाको सडक दुर्घटनामा परी गम्भिर घाइते भएको र निज हाल बि.एण्ड.बि हस्पिटल काठमाडौंमा उपचार भैरहेको तथा निजको आर्थिक अवस्था अति कमजोर भएकोले आर्थिक सहयोगको लागि सिफासि भएकोमा निजलाई विपन्न नागरिक उपचार सहायता कोषबाट रु.५०,०००।- (अक्षरेपी पचास हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.२०) प्रस्ताव नं.२० मा छलफल गर्दा मि.न.पा. वडा नं.५ कार्यालयको च.नं.१०३८ मिति २०७८।११।२५ को पत्रबाट कारी चौधरी कलवारको छोरा सुर्य नारायण चौधरीको स्वास्थ्य र आर्थिक अवस्था अति नै कमजोर भएको हुंदा आर्थिक सहयोगको लागि सिफासि भएकोमा निजलाई विपन्न नागरिक उपचार सहायता कोषबाट रु.१५,०००।- (अक्षरेपी पन्ध्र हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.२१) प्रस्ताव नं.२१ मा छलफल गर्दा मि.न.पा. वडा नं.११ कार्यालयको च.नं.८५७ मिति २०७८।१२।०७ को पत्रबाट वडा वासीहरुको निवेदन बमोजिम ढाडखोला टोलमा करिब चालीस घरधुरी बसोवास गर्ने ठांउमा खानेपानीको अभाव भएको हुंदा खानेपानी व्यवस्थाको लागि मोटर, तार पाइप, ड्रम, मिटर आदि खरिदको लागि रकम उपलब्ध गराउन अनुरोध भएकोमा उक्त कार्यको लागि नगर मर्मत सम्भार कोषबाट रु.१,५०,०००।- (अक्षरेपी एक लाख पचास हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.२२) प्रस्ताव नं.२२ मा छलफल गर्दा श्री माध्यमिक विद्यालय तुलसीचौडा, मि.न.पा. वडा नं.११ को च.नं.७९ मिति २०७८।११।२६ को पत्रबाट विद्यालयको चार कोठे पक्की भवनको झ्यालको ग्रिल, पल्ला लगाउन तथा रंगरोगन गर्नका लागि रकम व्यवस्थाको लागि अनुरोध भएकोमा उक्त कार्यको लागि नगर शिक्षा कोषबाट रु.२,००,०००।- (अक्षरेपी दुई लाख मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.२३) प्रस्ताव नं.२३ मा छलफल गर्दा मि.न.पा. वडा नं.९ कार्यालयको च.नं.१८१० मिति २०७८।१२।०७ को पत्रबाट ठकनमान विश्वकर्मा रोगले ग्रसित भई उपचारार्थ रहेकोमा थप औषधी उपचार गर्न आर्थिक अवस्था दयनिय रहेकोले सहयोगको लागि अनुरोध भएकोमा निलाई विपन्न नागरिक उपचार सहायता कोषबाट रु.१५,०००।- (अक्षरेपी पन्ध्र हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.२४) प्रस्ताव नं.२४ मा छलफल गर्दा मि.न.पा. वडा नं.२ कार्यालयबाट सोमन महरा चमारको छोरा राम सरुप महरा चमार अति विपन्न रहेको हुंदा औषधी उपचार गर्न आर्थिक सहयोगको लागि सिफारिस भएकोमा निलाई विपन्न नागरिक उपचार सहायता कोषबाट रु.१५,०००।- (अक्षरेपी पन्ध्र हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.२५) प्रस्ताव नं.२५ मा छलफल गर्दा मि.न.पा. वडा नं.८ निवासी चन्द्र महतोले वडा नं.९ को तल्लो टोलमा रहेको सिंचाई इनार मर्मत गर्न रकम उपलब्ध गराइदिनु हुन भनी यस न.पा. कार्यालयमा मिति २०७८।११।२० मा निवेदन पेश गर्नुभएकोमा उक्त कार्यको लगि नगर मर्मत सम्भार कोषबाट रु.५०,०००।- (अक्षरेपी पचास हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.२६) प्रस्ताव नं.२६ मा छलफल गर्दा श्री आधारभुत विद्यालय वडा नं.८ को च.नं.६५ मिति २०७८।११।०८ को पत्रबाट विद्यालयमा निर्मित ४ कोठे भवनमा सिरही घर, देवालको बाहिरी भागको प्लाष्टर रेलिङ आदी निर्माण गर्न रकम उपलब्ध व्यवस्थाको लागि अनुरोध भएकोमा उक्त कार्यको लागि नगर शिक्षा कोषबाट रु.१,००,०००।- (अक्षरेपी एक लाख मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.२७) प्रस्ताव नं.२७ मा छलफल गर्दा मि.न.पा. वडा नं.२ कार्यालयको च.नं.११९८ मिति २०७८।१०।१२ को पत्रबाट मुसलिम टोलमा रहेको अधुरो मदर्शामा झ्याल, ढोका र सिरहीरुमको छाना लगाउने र रंगरोगन, वायरिङ गर्न आर्थिक सहयोगको लागि सिफारिस भएकोमा उक्त कार्यको लागि नगर मर्मत सम्भार कोषबाट रु.१,५०,०००।- (अक्षरेपी एक लाख पचास हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.२८) प्रस्ताव नं.२७ मा छलफल गर्दा श्री राष्ट्रिय आधारभुत विद्यालय मि.न.पा. वडा नं.५ को च.नं.६३ मिति २०७८।११।२५ मा दर्ता भएको पत्रबाट विद्यालयको ३ वटा ब्लकमा झ्याल ढोकाको पल्ला रंगरोगन आदी कार्यको लागि रकम उपलब्ध गराउन अनुरोध भएकोमा उक्त कार्यको लागि नगर शिक्षा कोषबाट रु.२,००,०००।- (अक्षरेपी दुई लाख मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.२९) प्रस्ताव नं.२९ मा छलफल गर्दा मि.न.पा. वडा नं.८ बाट विरेन्द्र प्रसाद सिंहले आफ्ने नम्बरी जग्गामा इनार निर्माण कार्य सम्पन्न भएको र अहिले इनार मर्मत र सोको चारै तिर चौतारा निर्माण गर्नको लागि आर्थिक सहयोगको लागि यस न.पा. कार्यलयमा माग भएकोमा उक्त कार्यको लागि नगर मर्मत सम्भार कोषबाट रु.५०,०००।- (अक्षरेपी पचास हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.३०) प्रस्ताव नं.३० मा छलफल गर्दा मि.न.पा. वडा नं.८ बाट अशोक कुमार सिंहले इनार मर्मत गर्नको लागि आर्थिक सहयोग माग भएकोमा उक्त कार्यको लागि नगर मर्मत सम्भार कोषबाट रु.५०,०००।- (अक्षरेपी पचास हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.३१) प्रस्ताव नं.३१ मा छलफल गर्दा मि.न.पा. वडा नं.३ बाट सरिता लामाले आफ्नो छोरा संजिप कुमार लामाको असामयीक निधन भएको हुंदा क्रिया खर्चको लागि आर्थिक सहयोग माग भएकोमा निजलाई अन्य सामाजिक सहायता शिर्षकबाट रु.२०,०००।- (अक्षरेपी बीस हजार मात्र उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.३२) प्रस्ताव नं.३२ मा छलफल गर्दा मि.न.पा. भित्रका सामुदायीक विद्यालयहरुमा सेवा करारमा कार्यरत कम्प्यूटर शिक्षकहरुबाट प्राथमिक तह अनुसारको पारिश्रमिक र पोशाक भत्ताको व्यवस्था हुन यस न.पा. कार्यलयमा मिति २०७८।११।०८ मा निवेदन पेश गरेकोमा निजहरुलाई आ.व. २०७८।०७९ देखि लागु हुने गरी नियमानुसार पोशाक भत्ता उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.३३) प्रस्ताव नं.३३ मा छलफल गर्दा राष्ट्रिय आधारभुत विद्यालय, मि.न.पा. वडा नं.२ नक्टाभिजबाट कक्षाकोठाको छानाको काठ कुहिएको तथा जस्तापाता खिया लागेको र कक्षाकोठामा पानी चुहिएको कारण पढाइलेखिई अवरुद्ध भएकोले उक्त छाना मर्मत गर्न रकम उपलब्ध गराउन अनुरोध भएकोमा उक्त कार्यको लागि नगर शिक्षा कोषबाट रु.२,००,०००।- (अक्षरेपी दुई लाख मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.३४) प्रस्ताव नं.३४ मा छलफल गर्दा मि.न.पा. कार्यालय अन्तर्गत कृषि र पशु विकास शाखाको लागि रिड प्रोज्रेक्टबाट विश्व बैंकको सहयोगमा निर्माण हुने भवनको लागि जग्गा उपलब्ध गराउन अनुरोध भएकोमा उक्त प्रयोजनको लागि यस न.पा. कार्यालय परिसरको उत्तरमा Latitude २६.९४०७१८ र Longitude ८५.९४८१४० डिग्री मा रहेको एलानी जग्गा कि.नं.३०१ बाट अन्दाजी ३ (तीन) कट्ठा जग्गा उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.३५) प्रस्ताव नं.३५ मा छलफल गर्दा महिला पुनस्थापना केन्द्र WOREC को च.नं.७५ मिति २०७८।११।०६ को पत्रबाट उक्त संस्थाले मिजरियर कार्यक्रमका लागि सन् २०२१ देखि २०२३ सम्मका तिन वर्षे कार्यक्रम संचालन भैरेको र सन् २०२१ मा यस न.पा. कार्यालयबाट ओरेकलाई एक लाख तेईस हजार म्याचिङ्ग रकम उपलब्ध गराइसकेको र यस नगरपालिकाको पनि १२ जना हिंसा प्रभावित सेवा लिन अउनु भएको र हाल दिईरहेको म्याचिङ्ग रकम र हिंसा प्रभावित सेवा लिने संख्यालाई हेर्दा म्याचिङ्ग रकम प्रयाप्त नहुने हंदा सुरक्षित आवास कार्यक्रम नियमित रुपमा सन् २०२२ मा संचालनका लागि पालिकाबाट रकम उपलब्ध गराउन अनुरोध भएकोमा उक्त कार्यको लागि अन्य सामाजिक सहायता शिर्षकबाट रु.५०,०००।- (अक्षरेपी पचास हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.३६) प्रस्ताव नं.३६ मा छलफल गर्दा मि.न.पा. वडा नं.७ निवासी श्री खुवलाल खड्काको छोरा भुप बहादुर खड्काले मिति २०७८ श्रावण देखि २०७८ पौष महिनासम्मको सामाजिक सुरक्षा भत्ता छुट भएकोले उपलब्ध गराइपाउं भिनी निवेदन दिनु भएकोमा मि.न.पा. वडा नं. ७ कार्यालयको च.नं.१२३८ मिति २०७८।१०।१८ को पत्रबाट निजले २०६६।१२।०६ मा 'ख' बर्गको अति अशक्त अपाङ्गता परिचयपत्र प्राप्त गरि आ.व.२०७४।०७५ बाट नेपाल सरकारबाट पूर्ण अपाङ्गता भत्ता प्राप्त गर्दै आउनु भएको र त्यस पश्चात मिति २०७४ सालमा महिला विकास तथा समाज कल्याण कार्यालय खारेज भै अपाङ्गता परिचय पत्र स्थानीय तहबाट नै जारी गरी सा.सु.भत्ता वितरण गर्नुपर्ने व्यवस्था आएको र निज लाभग्राहीको आ.व. २०७८।०७९ को सा.सू. भत्ता परिचय पत्र नविकरण गर्ने क्रममा आवश्यक जांचबुझ गर्दा 'ख' बर्गको कागजात भएतापनि 'क' वर्गको सा.सु. भत्ता प्राप्त गरिरहेको बुझिन आएकोले निजको प्रथम त्रैमासिक सा.सु. रकम बैंकमा रोक्का गरि निजलाई तुरुन्त अर्को कार्ड बनाई ल्याउनको लागि सिफासिर गरि पठाइएकोमा निजले मिति २०७८।०९।२९ गते यस न.पा. कार्यालयबाट 'क' बर्गको पूर्ण अपाङ्गता परिचयपत्र प्राप्त गरेको भनी उल्लेख भैआएकोमा निजले समयमै परिचयपत्र

नविकरणको लागि सूचना नपाएको र हाल न.पा. कार्यालयबाट 'क' बर्गकै अपाङ्गता परिचयपत्र प्राप्त भएको हुंदा निजको २०७८ श्रावणदेखि २०७८ पौष महिनासम्मको 'क' बर्गको सा.सू. भत्ता उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं. ३७) प्रस्ताव नं.३७ मा छलफल गर्दा मि.न.पा. वडा नं.४ कार्यालयको च.नं.१६० मिति २०७८।०५।२१ को पत्रबाट २०७८ भाद्र २२ गतेदेखि आयोजना हुने मेयर कप फुटवल प्रतियोगिता आयोजना गर्न श्री रत्न ज्योती युवा क्लवलाई आर्थिक सहयोग उपलब्ध गराउन सिफारिस भएकोमा उक्त क्लवलाई यस न.पा. कार्यपालिकाको मिति २०७८।०५।२१ को बैठकबाट रु.२०,०००।- (अक्षरेपी बीस हजार मात्र) आर्थिक सहायता उपलब्ध गराउने निर्णय भएकोमा उक्त निर्णय रद्घ गरी उक्त कार्यको लागि खेलकुद शिर्षकबाट रु.१,००,०००।- (अक्षरेपी एक लाख मात्र) उपलब्ध गराउने निणृय पारित गरियो ।

निर्णय नं. ३८) प्रस्ताव नं.३८ मा छलफल गर्दा मि.न.पा. वडा नं.११ बाट बाबुराम भोलानले लोटाह टोलको गाजले खहरेमा मुहान भएको घुर्यान कुलोको मुहान मर्मत सम्भार गर्नका लागि रकम उपलब्ध गराउन यस कार्यालयमा मिति २०७८।१२।०७ मा निवदेन पेश गरेकोमा उक्त कार्यको लागि नगर मर्मत सम्भार कोषबाट रु.१,००,०००।- (अक्षरेपी एक लाख मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं. ३९) प्रस्ताव नं.३९ मा छलफल गर्दा मि.न.पा. मि.न.पा. वडा नं.८ कार्यालयको च.नं.१२५५ मिति २०७८।१२।०१ को पत्रबाट बेचन महतोको छोरी निलम कुमारी देवी महतो एकल महिला भएको र आर्थिक अवस्था निकै दयनिय रहेको हुंदा आर्थिक सहयोगको लागि सिफारिस भएकोमा निजलाई अन्य सामाजिक सहायता शिर्षकबाट रु.१०,०००।- (अक्षरेपी दश हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं. ४०) प्रस्ताव नं.४० मा छलफल गर्दा मि.न.पा. वडा नं.९ कार्यालयको च.नं.१७१७ मिति २०७८।११।१८ को पत्रबाट बेंगाडावर कृषिका लागि उत्तम स्थान रहेको तर सिंचाईको चरम अभावले कृषि कार्य गर्न अति नै कठिन रहेकोले २ (दुई) थान कृषि सिंचाई इनार निर्माणको लागि रकम व्यवस्थाको लागि अनुरोध भएकोमा उक्त कार्यको लागि खानेपानी सम्बन्धी म्याचिङ्ग फण्डबाट रु.५,००,०००।- (अक्षरेपी पांच लाख मात्र) व्यवस्था गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ४१) प्रस्ताव नं.४१ मा छलफल गर्दा श्री एकता जमुनिवास युवा क्लब, मि.न.पा. वडा नं.८ बाट महोत्तरी जिल्लामा भैरहेको फुटवल प्रतियोगितमा सहभागी भएको हुंदा आर्थिक सहयोगको लागि यस न.पा. कार्यालयमा मिति २०७८।११।०५ मा निवेदन पेश गरेकोमा उक्त क्लबलाई खेलकुद शिर्षकबाट रु.१५,०००।- (अक्षरेपी पन्ध्र हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं. ४२) प्रस्ताव नं.४२ मा छलफल गर्दा मि.न.पा. वडा नं.१ कार्यालयको भवन निर्माण गर्न आ.व.२०७८।०७८ मा रु.२५,००,०००।- विनियोजन भएकोमा उक्त भवन निर्माण कार्य सम्पन्न गर्नको लागि आवश्यक पर्ने थप रु.२५,००,०००।- (अक्षरेपी पच्चीस लाख मात्र) आगामी आ.व.२०७९।०८० को बार्षिक बजेटमा रकम व्यवस्था गर्न प्रतिवद्धता गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ४३) प्रस्ताव नं.४३ मा छलफल गर्दा यु.एन.डि.पि. को साझेदारीमा यस न.पा. क्षेत्र भित्र संचालन हुने नागरीक आवास कार्यक्रममा न.पा.को तर्फबाट आगामी आ.व.२०७९।०८० को वार्षिक बजेटमा यु.एन.डि.पि. बाट पेश हुने प्रस्तावमा न.पा.को तर्फबाट पचास प्रतिशत लागत सहभागिता वापत आवश्यक हुने रकम व्यवस्थाको लागि प्रतिवद्धता गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ४४) प्रस्ताव नं.४४ मा छलफल गर्दा आ.व.२०७८।०७९ का लागि च्यापकटर खरिद कार्यको लागि प्राप्त भएका बोलपत्रमा यस कार्यालयबाट तयार गरिएको बोलपत्र सम्बन्धी कागजातमा मूल्यांकनको लागि पेश हुनुपर्ने भनी उल्लेख भएको (१) सम्बन्धित कम्पनीबाट आधिकारीक रुपमा अनुमति लिएको हुनुपर्ने (२) कम्तिमा ३ वर्षदेखि नेपालमा आधिकारिक रुपमा सेवा गरेको हुनपर्ने सन्दर्भमा उपरोक्त कागजातहरु कुनैपनि प्रस्तावकहरुबाट पेश भएको नदेखिएको हुंदा प्राप्त बोलपत्रहरुको मूल्यांकन गर्दा उपरोक्त प्रावधानहरु अनिवार्य नगरि न्यून मूल्य विधिबाट वोलपत्र प्रस्तावहरु मूल्यांकन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ४५) प्रस्ताव नं.४५ मा छलफल गर्दा आ.व.२०७८।०७९ का लागि पावर स्प्रेयर खरिद कार्यको लागि प्राप्त भएका बोलपत्रमा यस कार्यालयबाट तयार गरिएको बोलपत्र सम्बन्धी कागजातमा मूल्यांकनको लागि पेश हुनुपर्ने भनी उल्लेख भएको (१) सम्बन्धित कम्पनीबाट आधिकारीक रुपमा अनुमति लिएको हुनुपर्ने (२) कम्तिमा ३ वर्षदेखि नेपालमा आधिकारिक रुपमा सेवा गरेको हुनपर्ने सन्दर्भमा उपरोक्त कागजातहरु कुनैपनि प्रस्तावकहरुबाट पेश भएको नदेखिएको हुंदा प्राप्त बोलपत्रहरुको मूल्यांकन गर्दा उपरोक्त प्रावधानहरु अनिवार्य नगरि न्यून मूल्य विधिबाट वोलपत्र प्रस्तावहरु मूल्यांकन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ४६) प्रस्ताव नं.४६ मा छलफल गर्दा यस न.पा. क्षेत्र भित्र रहेका अव्यवस्थित बसोवासी, भूमिहिन सुकुम्वासी, भूमिहिन दलितहरुको समस्या समाधान गर्न जग्गा नापजाच कार्यको लागि विभिन्न वडाहरुमा GNSS प्रविधिको प्रयोग गरि नियन्त्रण विन्दुहरु स्थापनाको कार्य गर्न श्री खुमनजी ईन्जिनियरिङ्ग एण्ड सर्भिसिङ्ग प्रा.लि, भक्तपुर र यस न.पा. कार्यलयबिच भएको सम्झौता बमोजिम उक्त प्रा.लि.ले पेश गरेको कार्य सम्पन्न प्रतिवेदन स्वीकृत गरि उक्त कार्यवापतको रकम समेत भुक्तानी गर्ने निर्णय पारित गरियो ।

१५।

निर्णय नं. ४७) प्रस्ताव नं.४७ मा छलफल गर्दा मि.न.पा. कार्यालयको ट्रेक्टर नं. ज.१ त. ८६३८ सवारी चालक विनोद महतोले मिति २०७७ फागुन महनिामा मि.न.पा. वडा नं.६ बस्ने पदम माया तामाङलाई ठक्कर दिएको हुंदा निजको औषधी उपचार गराउन रु.२५,०००।- र खाना तथा फलफुल को लागि बुझाएको रु.१४,०००।- समेत गरी जम्मा रु.३९,०००।- खर्च भएको साथै सोको दर्घटना बिमा वापत सिद्धार्थ इन्श्योरेन्स जनकपुरबाट रु.१८,५००।- बाट प्राप्त भएको हुंदा उक्त कार्यको लागि यस कार्यालयबाट लिइएको पेश्की रकम रु.२०,०००।- कट्टा गरी बांकी नपुग रु.१९,०००।- भुक्तानी पाउं भनी यस कार्यालयका सुपरभाइजर श्री विनोद कुमार रायले विल भर्पाई संलग्न गरी मिति २०७८।१२।०२ मा यस न.पा.कार्यालयमा निवेदन दिनु भएकोमा सवारी साधन मर्मत शिर्षकबाट उक्त नपुग रु.१९,०००।- (उन्नाईस हजार मात्र) भुक्तानी गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ४८) प्रस्ताव नं.४८ मा छलफल गर्दा मि.न.पा. कार्यालयको टिफर नं. ज.१ क. ३६१ सवारी चालक उमाशंकर प्रसाद सिंहले मिति २०७७।०३।१८ मा लक्ष्मीनिया गांउपालिका बस्ने शंकर कुमार यादवले चलाई रहेको मो.सा. नं.ज.८.प. ५०४६ लाई ठक्कर दिएको हुंदा निजको औषधी उपचार गराउन रु.६०,०००।- र मोटर साइकल मर्मत गर्नको लागि रु.७२,०००।- समेत गरी जम्मा रु.१,३२,०००।- खर्च भएको साथै सोको दर्घटना बिमा वापत सिद्धार्थ इन्श्योरेन्स जनकपुरबाट रु.२४,२४०।- प्राप्त भएको हुंदा उक्त कार्यको लागि यस कार्यालयबाट लिइएको पेश्की रकम रु.८०,०००।- कट्टा गरी बांकी नपुग रु.५२,०००।- भुक्तानी पाउं भनी यस कार्यालयका सवारी चालक श्री उमाशंकर प्रसाद सिंहले विल भर्पाई संलग्न गरी मिति २०७८।०३।२२ मा यस न.पा.कार्यालयमा निवेदन दिनु भएकोमा सवारी साधन मर्मत शिर्षकबाट उक्त नपुग रु.५२,०००।- (बाउन्न हजार मात्र) भुक्तानी गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ४९) प्रस्ताव नं.४९ मा छलफल गर्दा श्री माध्यामिक विद्यालय तुलसीचौडा, मि.न.पा. ११ को च.नं.२० मिति २०७८।०६।१३ को पत्रबाट आधारभूत तहमा अंग्रेजी माध्यामबाट अध्यापन गराउने शिक्षकहरुको २०७८ श्रावणदेखि २०७९ आषाढ महिनासम्मको लागि तलव र चाडपवृ खर्च भुक्तानी गर्न आवश्यक रु.९,९७,०००।- व्यवस्थाको लागि अनुरोध भएकोमा उक्त प्रयोजनको लागि नगर शिक्षा कोषबाट रु.९,९७,०००।- (अक्षरेपी नौ लाख सन्तानब्बे हजार मात्र) उपलब्ध गरावउने निर्णय पारित गरियो ।

निर्णय नं. ५०) प्रस्ताव नं.५० मा छलफल गर्दा नेपाल राष्ट्रिय शिक्षक संगठन, जिल्ला समिति धनुषाको च.नं.२१ मिति २०७८।१२।१४ को पत्रबाट उक्त संगठनको १३औं जिल्ला अधिवेशन मिति २०७८।१२।२२ गते श्री महेन्द्र माध्यामिक विद्यालय, मि.न.पा.६ ढल्केवरमा हुने भएकोले आर्थिक सहयोगको लागि अनुरोध भएकोमा उक्त कार्यको लागि नगर शिक्षा कोषबाट रु.७०,०००।- (अक्षरेपी सत्तरी हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

०८।१२।१६

निर्णय नं. ५१) प्रस्ताव नं.५१ मा छलफल गर्दा श्री आदर्श राष्ट्रिय माध्यामिक विद्यालय, मि.न.पा. वडा नं.१० को च.नं.४८ मिति २०७८।०९।०१ को पत्रबाट विद्यालय भवनको पुराना झयालढोकाहरु मर्मत गर्न र ४ वटा भनवको रंगरोगन गर्न आर्थिक सहयोगको लागि अनुरोधमा उक्त कार्यको नगर शिक्षा कोषबाट रु.४,००,०००।- (अक्षरेपी चार लाख मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।